नेपाल सरकार
वाणिज्य मन्त्रालय
# व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र

## EU को GSP सुविधा प्रणाली सम्बन्धी सुचना

युरोपियन युनियनले आगामी १ जनवरी २०१७ देखि साविकमा कार्यान्वयनमा रहेको EU GSP सुविधा प्रणालीमा सुधार गरी Registered Exporter System (REX) लागु गर्न लागेकोमा नेपालले सो प्रणालीमा आबद्ध हुने गरी औपचारिक प्रक्रिया अगाडि बढाई सकेको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ । सो प्रणाली अनुसार युरोपियन युनियनका सदस्य मुलुकहरुमा GSP सुविधा अर्न्तगत वस्तु निर्यात गर्न चाहने निर्यातकर्ताहरुले अब उप्रान्त नेपाल सरकारले तोकेको आधिकारिक निकाय (व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र) मा विधिवत दर्ता भएपछि मात्र सो सुविधा उपयोग गर्न पाउने व्यवस्था रहेको भए तापनि हाललाई उक्त प्रणालीलाई कार्यान्वयनमा ल्याउन एक वर्षको अन्तरीम अवधि (transition period) को छुट रहेको व्यहोरा समेत सबैको जानकारीका लागि सूचित गरिन्छ । यसबीच युरोपियन युनियनका सदस्य मुलुकहरुमा EU को GSP सुविधा अर्न्तगत निर्यात गर्ने निर्यातकर्ताहरुलाई साविकमा व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रले उपलब्ध गराउँदै आएको फाराम A को वितरण अर्को व्यवस्था नभए सम्म यथावत चालु रहने व्यहोरा समेत जानकारी गराइन्छ ।

यस सम्बन्धी विस्तृत जानकारीका लागि व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रमा सम्पर्क गर्नुहुन समेत सम्बन्धित सबैलाई अनुरोध गरिन्छ ।

सम्पर्क फोन नम्बर : ५५४५५२०, ५५२५८९८